# गाली र बेइज्जतीको ऐन, २०१६

*(मिति २०७४ साल जेठ मसान्तसम्म भएका संशोधन समेत मिलाइएको)*

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

**नेपाल सरकार**

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

# गाली र बेइज्जतीको ऐन, २०१६

| | लालमोहर मिति | नेपाल राजपत्रमा प्रकाशित मिति |
|---|---|---|
| | २०१६।३।१४ | २०१६।३।१५ |

| संशोधन गर्ने ऐन | लालमोहर र प्रकाशन मिति |
|---|---|
| १. गाली र बेइज्जती (पहिलो संशोधन) ऐन, २०३७ | २०३७।५।२६ |
| २. केही नेपाल ऐन (संशोधन) ऐन, २०३९ | २०३९।८।६ |
| ३. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५५ | २०५५।१०।७ |
| | प्रमाणीकरण र प्रकाशन मिति |
| ४. केही नेपाल ऐनको व्यवस्था जगाउने ऐन, २०६३ | २०६३।४।२३ |
| ५. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◆ | २०६६।१०।७ |
| ६. लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ | २०७२।६।१४ |

२०१६ सालको ऐन नं. १०

✂.............

गाली र बेइज्जतीको कसूरको निमित्त सजायको व्यवस्था गर्न बनेको ऐन

सर्वसाधारणको इज्जत र मानमर्यादा कायम राख्न पाउने अधिकारको रक्षाको लागि गाली र बेइज्जतीको कसूरको निमित्त सजायको व्यवस्था गर्न आवश्यक देखिएकोले,

श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलको सल्लाह अनुसार यो ऐन बनाई जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "गाली र बेइज्जतीको ऐन, २०१६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्ररम्भ हुनेछ ।

(३) यो ऐन नेपाल ✂......... भर लागू हुनेछ र जहाँ सुकै रहे बसेको भए तापनि नेपाल ✂.......... का सबै नागरिकहरुलाई लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा "सर्वसाधारण" भन्नाले सर्वसाधारण जनताको कुनै वर्ग वा कुनै जनसमुदायलाई समेत जनाउँछ र "सार्वजनिक" शब्दको अर्थ सोही बमोजिम लगाइनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गते देखि लागू भएको ।
✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

३. <u>बेइज्जती</u> : कसैले अरु कुनै व्यक्तिको इज्जतमा धक्का पुऱ्याउने नियतले वा धक्का पुग्ला भन्ने जानी जानी वा विश्वास गर्ने कारण भई लेखेर वा वचनले वा सङ्केतले वा बुझिने गरी आकार चिन्हद्वारा सो व्यक्तिलाई कुनै दोष लगाएमा वा त्यस्तो कुरा ◘<u>प्रकाशित गरेमा</u> निजले सो व्यक्तिको बेइज्जती गरेको मानिनेछ ।

<u>स्पष्टीकरण</u> :

(१) मरिसकेको कुनै व्यक्तिलाई कुनै दोष लगाएकोमा सो गरेको समय निज जीवित रहेको भए निजको इज्जतमा धक्का पुग्ने रहेछ र निजको परिवार र नजिकको अन्य नातेदारहरुको भावनामा चोट पुऱ्याउने मनसायले गरिएको रहेछ भने बेइज्जती गरेको ठहर्न सक्नेछ ।

(२) व्यङ्ग्य गरी वा अरु कुनै घुमाउरो तवरले लगाइएको दोष बेइज्जती ठहर्न सक्नेछ ।

❐(२क) जानाजान कसैको चरित्र हत्या गर्न वा अनुचित लाञ्छना लगाउने नियतले दोष लगाएमा वा प्रचार प्रसार गरेमा बेइज्जती गरेको ठहर्न सक्नेछ ।

(३) कसैले अरु कुनै व्यक्तिलाई सोझै वा घुमाउरो तवरले अरुको दृष्टिमा निजको नैतिक वा बौद्धिक चरित्र वा जात वा पेशा सम्बन्धी चरित्र वा ख्यातिलाई होच्याउने गरी वा निजको शरीर घृणित अवस्थामा वा सामान्यत: अपमानित सम्झिइने अवस्थामा छ भन्ने विश्वास पर्ने गरी दोष नलगाएसम्म निजको इज्जतमा धक्का पुऱ्याएको मानिने छैन ।

४. <u>बेइज्जती गरेको नठहरिने अवस्था</u> : दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको काम कुरा गर्नु बेइज्जती ठहर्दैन :-

(१) सर्वसाधारणको हितको लागि आवश्यक भएमा कुनै व्यक्तिलाई साँचो कुराको दोष लगाउनु वा त्यसको प्रकाशन गर्नु,

कसैलाई लगाएको दोष सर्वसाधारणको हितको लागि लगाइएको हो वा होईन भन्ने कुरा तथ्यमा निर्भर गर्नेछ ।

(२) कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको काम कर्तव्य गर्दाको निजको आचरणलाई लिएर वा सो आचरणबाट बुझिनेसम्मको मात्र निजको चरित्रलाई लिएर असल नियतले कुनै विचार प्रकट गर्नु,

---

◘ सञ्चार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०६२ द्वारा संशोधन भई केही नेपाल ऐनको व्यवस्था जगाउने ऐन, २०६३ द्वारा स्वत: जागेको ।

❐ केही नेपाल ऐन (संशोधन) ऐन, २०३९ द्वारा थप ।

व्याख्या : यस खण्डको तात्पर्यको लागि "राष्ट्रसेवक" भन्नाले *भ्रष्टाचार निवारण ऐन, २०५९ मा परिभाषा गरिए बमोजिमको व्यक्ति सम्झनु पर्छ ।

(३) कुनै व्यक्तिको सार्वजनिक प्रश्नसँग सम्बन्ध पर्ने आचरण र सो आचरणबाट बुझिनेसम्मको मात्र निजको चरित्रलाई लिएर असल नियतले कुनै विचार प्रकट गर्नु,

(४) कुनै अदालती कारबाहीमा यसको नतिजाको वास्तविक रुपमा साँचो प्रतिवेदन प्रकाशित गर्नु,

स्पष्टीकरण : अदालतका कुनै न्यायाधीश वा अरु अधिकृतले अदालतमा मुद्दाको कारबाही हुनु भन्दा अगाडि मौका सरजमिन बुझ्न कायम गरेको खुला ईजलासलाई यस खण्डको तात्पर्यको लागि अदालत सम्झनु पर्छ ।

(५) कुनै अदालतले छिनेको देवानी वा फौजदारी मुद्दाको गुण वा दोषलाई लिएर वा त्यस्तो कुनै मुद्दाको वादी, प्रतिवादी, साक्षी वा वारिस भएको कुनै व्यक्तिको आचरणलाई लिएर वा सो आचरणबाट बुझिनेसम्मको मात्र निजको चरित्रलाई लिएर असल नियतले कुनै विचार प्रकट गर्नु,

(६) कुनै कुरा गर्ने व्यक्तिले सर्वसाधारणको रायको लागि सो कुरा पेश गरेकोमा सो कुराको गुण वा दोषलाई लिएर वा त्यसबाट बुझिनेसम्मको मात्र सो कुरा गर्ने व्यक्तिको चरित्रलाई लिएर असल नियतले कुनै विचार प्रकट गर्नु,

स्पष्टीकरण : कुनै कुरा गर्ने व्यक्तिले सो कुरा सर्वसाधारणको रायको लागि पेश गर्दा सो गरेको भनी स्पष्ट रुपले उल्लेख गर्नु वा सो आशय बुझिन कुनै काम गर्नु यथेष्ट हुनेछ ।

(७) कुनै व्यक्तिको अर्को कुनै व्यक्ति उपर कानूनद्वारा वा निजसँगको कानूनी कबुलियतद्वारा कुनै अधिकार भएकोमा निजले सो अधिकार सम्बन्धी काम कुरामा सो अर्को व्यक्तिको आचरणमा असल नियतले कुनै खोट लगाउनु,

(८) कसै उपर लाग्ने अभियोग सो विषयमा निज उपर कानूनी अधिकार भएका व्यक्ति छेउ असल नियतले लगाउनु,

(९) आफ्नो वा अरुको हितको रक्षाको लागि वा सर्वसाधारणको हितको लागि असल नियतले कसैको चरित्रमा दोष लगाउनु, र

---

* गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।

(१०) कसैलाई निजको हितको लागि वा निजको स्वार्थ भएको व्यक्तिको हितको लागि वा सर्वसाधारणको हितको लागि अरु कुनै व्यक्तिको विरुद्ध सतर्क गर्नु ।

◘५. बेइज्जती गरेमा वा बेइज्जती हुने कुरा छापे खोदेमा दण्ड सजाय : कसैले देहायको कुनै कसूर गरेमा पाँच हजार रुपैयाँसम्म जरिबाना हुनेछ र एक वर्षसम्म कैदको सजाय पनि हुन सक्नेछ :

(१) अरु कसैको बेइज्जती गरेमा, वा

(२) कुनै कुरा छापे खोदेमा अरु कसैको बेइज्जती हुन जान्छ भन्ने जानी जानी वा विश्वास गर्ने मनासिब कारण भई सो कुरा छापेमा वा खोदेमा ।

६. बेइज्जती हुने कुरा ◘छापिएको वा खोदिएको कुनै कुराको बिक्री गरेमा दण्ड सजाय : कसैले कुनै बेइज्जती हुने कुरा ◘छापिएको वा खोदिएको छ भन्ने जानी जानी सो कुरा बिक्री गरेमा वा बिक्रीको निमित्त राखेमा निजलाई ◘एकसय रुपैयाँसम्म जरिबाना हुनेछ र छ महिनासम्म कैदको सजाय पनि हुन सक्नेछ ।

७. शान्ति भङ्ग गराउने नियतले जानी जानी गाली गरेमा दण्ड सजाय : गाली गरी कसैलाई उत्तेजित पारेबाट निजले सार्वजनिक शान्ति भङ्ग वा अरु कुनै अपराध गर्नेछ भन्ने नियतले वा त्यस्तो हुने सम्भावना छ भन्ने जानी जानी कसैले कसैलाई गाली गरी उत्तेजित पारेमा ◘एकसय रुपैयाँ देखि पाँचसय रुपैयाँसम्म जरिबाना हुनेछ र छ महिनासम्म कैदको सजाय पनि हुन सक्नेछ ।

८. ◎महिलालाई अपमानित गर्ने नियतले कुनै काम कुरा गरेमा : कसैले कुनै ◎महिलालाई अपमान गर्ने नियतले निजले देख्ने सुन्ने गरी कुनै कुरा भनेमा वा कुनै किसिमको शब्द वा हावभाव व्यक्त गरेमा वा कुनै वस्तु देखाएमा वा निजको गोपनीयतामा दखल दिएमा ◘एकसय रुपैयाँ देखि पाँचसय रुपैयाँसम्म जरिबाना हुनेछ र छ महिनासम्म कैदको सजाय पनि हुन सक्नेछ ।

९. मामुली गाली बेइज्जती वा अपमान हुने काम : साधारण समझ र मिजासका व्यक्तिले उजूर नगर्ने मामुली किसिमको गाली बेइज्जती वा अपमान कुनै कामबाट भएकोमा वा सो गर्ने नियतले वा सो हुने सम्भावना छ भन्ने जानी जानी गरेकोमा यो ऐन अन्तर्गतको कसूर ठहर्दैन ।

---

◘ सञ्चार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०६२ द्वारा संशोधन भई केही नेपाल ऐनको व्यवस्था जगाउने ऐन, २०६३ द्वारा स्वत: जागेको ।

◎ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

❖१०. खति पुऱ्याउने नियतले झुट्टा अभियोग लगाएमा दण्ड सजाय : कसैले कसैको विरुद्ध यो ऐन अन्तर्गत गाली वा बेइज्जतीको मुद्दा दायर गर्न न्यायोचित वा कानूनी आधार छैन भन्ने जानी जानी खति पुऱ्याउने नियतले निजको विरुद्ध त्यस्तो मुद्दा दायर गरेमा वा गराउन लगाएमा सो व्यक्तिलाई बेइज्जती सम्बन्धी मुद्दामा भए ◘पाँचसय देखि पाँच हजार रुपैयाँसम्म जरिबाना हुनेछ र गाली सम्बन्धी मुद्दामा भए ◘एकसय देखि एक हजार रुपैयाँसम्म जरिबाना हुनेछ । त्यसरी मुद्दा दायर गर्ने वा गराउने व्यक्तिबाट मुद्दा हेर्ने अधिकारीले विपक्षीलाई सो मुद्दामा लगेको खर्च समेत भराउनेछ ।

व्याख्या : यस दफाको प्रयोजनको लागि "खति" भन्नाले कुनै व्यक्तिको शरीरमा, मनमा, इज्जतमा वा सम्पत्तिमा गैरकानूनी तवरले गरिएको हानि नोक्सानी सम्झनु पर्छ ।

⌛११. हदम्याद : यो ऐन अन्तर्गत कसैलाई मुद्दा चलाउनु पर्ने कारण भएमा त्यस्तो कारण परेको मितिले छ महिनाभित्र नालिस दिनु पर्नेछ ।

☯११क. कार्यविधि अपनाउने : यस ऐन अन्तर्गतको मुद्दामा कारबाही किनारा गर्दा मुद्दा हेर्ने अधिकारीले विशेष अदालत ऐन, २०५९ अनुसारको कार्यविधि अपनाउनेछ ।

❖१२. क्षतिपूर्ति : कसैले कसैलाई गाली वा बेइज्जती गरिएको ठहरिएमा गाली वा बेइज्जती गरिएको व्यक्तिलाई ▲निजको सामाजिक प्रतिष्ठा र इज्जत समेतलाई विचार गरी मुद्दा हेर्ने अधिकारीले कसूरदारबाट मनासिब माफिकको रकम क्षतिपूर्तिको रुपमा भराई दिनेछ र त्यस्तो व्यक्तिलाई कसूरदारबाट मुद्दामा लागेको खर्च समेत भराउनेछ । मरिसकेको कुनै व्यक्तिलाई बेइज्जती गरेको ठहरिएमा सो बेइज्जतीबाट भावनामा चोट लागेको निजको नजिकको हकवालालाई त्यस्तो क्षतिपूर्ति खर्चको रकम दिइनेछ ।

१३. खारेजी : मुलुकी ऐन गाली बेइज्जतीको महलको १ नं., २ नं., ३ नं., ४ नं., ६ नं., ६क. नं., ७ नं., ८ नं. र ९ नं. खारेज गरिएको छ ।

---

❖ पहिलो संशोधनद्वारा संशोधित ।

◘ सञ्चार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०६२ द्वारा संशोधन भई केही नेपाल ऐनको व्यवस्था जगाउने ऐन, २०६३ द्वारा स्वत: जागेको ।

⌛ केही नेपाल ऐन (संशोधन) ऐन, २०३९ द्वारा संशोधित ।

☯ केही नेपाल ऐन (संशोधन) ऐन, २०३९ द्वारा थप ।

▲ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५५ द्वारा संशोधित ।

द्रष्टव्य:- विशेष अदालत ऐन, २०५९ द्वारा रुपान्तर भएका शब्दहरु:-
"विशेष अदालत ऐन, २०३१" को सट्टा "विशेष अदालत ऐन, २०५९" ।